## कार्यपालिका बैठक संख्या- १५

मितिः- २०८३।०१।३०

### निर्णयहरु

**निर्णय नं. १-** मिति २०८३।०१।०९ गतेको बैठक नं. १४ का निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** कार्य सम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project) का लागि चालु आ.व. २०८२/०८३ मा प्राप्त बजेट रु. २, ७२,००,०००।– रकमबाट कार्यान्वयन हुनेगरी हालसम्म ठेक्का आह्वान भइसक्दा उल्लिखित शिर्षकमा प्राप्त बजेटमा बचत हुन आउने रकमबाट खर्च हुनेगरी तथा अपुग हुन आउने गाउँपालिकाबाट व्यहोर्ने गरी तपसिल बमोजिमका योजनाहरुको निर्माण कार्य अघि बढाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने क्षेत्र | लागत अनुमान रकम | | | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- |
| १ | गेडुवाजोत लिफ्ट सिंचाईको पाइपलाइन तथा विद्युत विस्तार | वडा नं. ७, गेडुवाजोत | पाइपलाइन विस्तार | विद्युत विस्तार | कूल जम्मा | |
| | | | रु. २५ लाख | रु. ६ लाख | रु. ३१ लाख | |
| २ | ज्योतिनगर लिफ्ट सिंचाई तथा पाइपलाइन विस्तार | वडा नं. ४, ज्योतिनगर | रु. २५ लाख | | | |
| ३ | गणेशपुर खानेपानी संचालन तथा व्यवस्थापन | वडा नं. ७, मधनगर | रु. ९ लाख | | | |

**निर्णय नं. ३-** मिति २०८२।११।२८ को ११औं कार्यपालिका बैठकको निर्णय नं. ७ को क्र.सं. ६ बाट श्री परमहंस अद्धैतमत आश्रम (धार्मिक संस्था) भवनको छत ढलानका लागि **मागमा आधारित साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान** शिर्षकबाट खर्च लेख्ने गरी विनियोजित रु. ५०,०००।– (अक्षेरेपि पचास हजार मात्र) बाट उक्त संस्थाका लागि कुलर खरिद गरी हस्तान्तरण गर्ने गरी उक्त कार्यपालिका बैठकको निर्णय संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ४-** मिति २०८३।०१।०९ को १४औं कार्यपालिका बैठकको निर्णय नं. ४ को क्र.सं. ४ बाट भटनी खोलामा तटबन्ध निर्माण प्रयोजनका लागि **मागमा आधारित साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान** शिर्षकबाट खर्च लेख्ने गरी विनियोजित रु. १,००,०००।– (अक्षेरेपि एकलाख मात्र) बाट **वडा नं. ३ मयनारीको बुढवा कुला (पुरानो बाँध नजीक) मा तटबन्ध निर्माण** गर्ने गरी उक्त कार्यपालिका बैठकको निर्णय संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ५-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
| --- | --- | --- | --- | --- | --- |
| १ | डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) | चन्द्रौटा, कपिलवस्तु | वृक्षरोपणका लागि साझेदारी | रु. ३,००,०००।– (तिन लाख रुपैयाँ मात्र) | मागमा आधारित सहयोग साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| २ | नेपाल मगर संघ, जिल्ला समन्वय समिति कपिलवस्तु | कपिलवस्तु | राष्ट्रिय महाधिवेशन संचालन सहयोग | रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण |
| ३ | महदेइया शिव मन्दिर साधु बावा | विजयनगर-३, महदेइया | मुर्ति खरिद तथा स्थापना | जिन्सी शाखाबाट खरिद गरी हस्तान्तरण गर्ने | |
| ४ | इलाका प्रशासन कार्यालय | चन्द्रौटा, कपिलवस्तु | सडक बत्ती जडान | जिन्सी शाखाबाट खरिद गरी हस्तान्तरण गर्ने | मागमा आधारित सहयोग साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |

आ.व. २०८२।०८३

विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

## कार्यपालिका बैठक संख्या- १५

मिति:- २०८३।०१।३०

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सरोज बहादुर थापा | विजयनगर-३, दिपेन्द्रनगर | सडक बत्ती जडान | जिन्सी शाखाबाट खरिद गरी हस्तान्तरण गर्ने | मागमा आधारित सहयोग साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| ६ | इलाका प्रहरी कार्यालय | गणेशपुर, कपिलवस्तु | नयाँ तथा पुरानो भवन रग रोगन तथा डेन्टिङ पेन्टिङ | रु. १,५०,०००।- (एक लाख पचास रुपैयाँ मात्र) | सिमा सुरक्षा प्रशासन तथा सुरक्षा निकाय सहयोग कार्यक्रम |
| ७ | इलाका प्रहरी कार्यालय | गणेशपुर, कपिलवस्तु | सवारी साधन मर्मत खर्च | रु. १,५०,०००।- (एक लाख पचास रुपैयाँ मात्र) | सिमा सुरक्षा प्रशासन तथा सुरक्षा निकाय सहयोग कार्यक्रम |

**निर्णय नं. ६-** चालु आ.व. २०८२-०८३ का लागि वन तथा वातावरण मन्त्रालयको सशर्त अनुदानमा यस गाउँपालिकामा नेपाल जलवायु नमूना कार्यक्रम कार्यान्वयनका लागि वार्षिक कार्ययोजना स्वीकृत गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ७-** यस गाउँपालिका अन्तर्गतका विभिन्न नदि/खोलाबाट भइरहेको कटानलाई न्यूनिकरण गर्न तपसिल बमोजिमका स्थानमा नदि/खोलाको धार परिवर्तन तथा खोलाको बहाव क्षेत्र विस्तार (चौडा गर्ने) गर्ने कार्य चालु आ.व. २०८२/०८३ का लागि विभिन्न साझेदारी (बजेट किताबको क्र.सं. ७१) शिर्षकमा विनियोजित रकमबाट खर्च लेख्ने गरी निर्माण कार्य अघि बढाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने क्षेत्र | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चिराही खोलाको करबलवा नाकामा धार परिवर्तन | वडा नं. २ | रु. १० लाख | |
| २ | अर्रा खोलाको जवाबैराठ (दुदुरहवा डिहवा)को दक्षिण धार परिवर्तन | वडा नं. १ | रु. ५ लाख | |
| ३ | विसहवा खोलाको नेवलागंज पक्की पुलको उत्तर र दक्षिण खोला चौडा गर्ने | वडा नं. १ | रु. १० लाख | |

**निर्णय नं. ८-** यस गाउँपालिकाबाट चालु आ.व. २०८२-०८३ का लागि ३ नं. वडा अन्तर्गत कार्यान्वयन हुने गरी स्वीकृत तपसिल बमोजिमका योजनाहरुलाई आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी देहायानुसार संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | संशोधन भइ कायम हुने योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा भित्र सडक स्तरउन्नती | रु. ३ लाख | महदेईया मुख्य चोक देखि करवाला हुँदै नहरसम्म नाली निर्माण तथा सडक स्तरउन्नती | रु. ८ लाख | |
| २ | पत्थरदेईया दुर्गा मन्दिर अधुरो धर्मशाला निर्माण | रु. २ लाख | | | |
| ३ | पत्थरदेइया मसानघाटमा तारबार | रु. ३ लाख | | | |
| ४ | कडिहार अधुरो सामुदायिक भवन निर्माण वडा नं. ३ | रु. ५ लाख | कडिहार अधुरो सामुदायिक भवन निर्माण वडा नं. ३ | रु. ६ लाख ५० हजार | |
| ५ | जगदीशपुर खेल मैदानमा माटो पटान | रु. १ लाख ५० हजार | | | |

हिरालाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८२।०८३

## कार्यपालिका बैठक संख्या- १५

मिति:- २०८३।०१।३०

**निर्णय नं. ९-** यस गाउँपालिका अन्तर्गत महिला बालबालिका तथा जेष्ठ नागरिकबाट शिर्षक संशोधन, रकमान्तर तथा श्रोतान्तरका लागि पेश भइ आएका यस कार्यपालिका बैठकबाट देहाय बमोजिम संशोधनका लागि पेश गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकमान्तर हुने रकम | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकमान्तर भएको रकम |
|---|---|---|---|---|
| १ | सगरमाथा आमा समूहलाई पञ्चेबाजा खरिद एवं तालिम सञ्चालन तथा व्यवस्थापन | रु. २ लाख | सगरमाथा आमा समूह विजयनगर-१लाई पञ्चेबाजा खरिद | रु. २ लाख |

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका